# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लेकबेशी नगरपालिका
## सुर्खेत






महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लेकबेशी नगरपालिका

## सुर्खेत




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## लेकबेशी नगरपालिका

सुर्खेत

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन

तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

अनामनगर, काठमाडौं, नेपाल

Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय ....**

पत्र संख्याः २०७८।७९

च.नं. ९८ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,

लेकवेशी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय ।

## कैफियत सहितको राय

हामीले लेकबेशी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. ५ करोड ८८ लाख ६५ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ३१ लाख ९४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७० लाख ७ हजार, नियमित गर्नुपर्ने रु २ करोड ५६ लाख ५० हजार र पेश्की रू. ३० लाख १३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म

रु २४ करोड ९९ लाख ६१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु ३० करोड ८८ लाख २६ हजार रहेको छ । गाउँपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

## वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता

लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( )

नायब महालेखापरीक्षक

लेकवेशी नगरपालिका, सुर्खेत

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४८ | १०२ | ७३९१८ | ० | १४ | १५०५२ | ४८ | ८८ | ५८८६५ | १३१९४ | २५६५० | १७००७ | ० | ० | ४२६५७ | ३०१३ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| | ३२ | अशुल भइ दाखिला | ४५९०० |
| | ३५ | अशुल भइ दाखिला | १५३०० |
| | ३८ | अशुल भइ दाखिला | १०७६२०० |
| | ३९ | अशुल भइ दाखिला सबै दाखिला | ९३४३५ |
| | ४० | अशुल भइ दाखिला | ६६१२६ |
| | ४५ | प्रमाण तथा काजगात पेश भएको आधारमा | ५०००००० |
| | ४६ | प्रमाण कागजातको आधारमा फर्स्योट | ८७१०७४९ |
| | ७४ | प्रमाण तथा कागजातको आधारमा नियमित | २९३७५५२ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लेकवेशी नगरपालिका सुर्खेत | २४९९६१ | ० | ० | २४९९६१ | ० | ५८८६५ | ३०८८२६ |

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : लेकवेशी नगरपालिका, सुर्खेत , लेकबेशी नगरपालिका , सुर्खेत

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Krishna Prasad kharel | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Dipak Dhoj Hamal | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५५,७६६,३०३.३७ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ८,२८,३३,१४२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७,०६,५९,९६० | **चालु खर्च** | ३८,९५,३२,०५२ |
| **प्रदेश सरकारबाट अनुदान** | ३,७३,७६,८७४ | **पूँजीगत खर्च** | १८,००,७६,८१३ |
| **राजश्व बाँडफाँट** | १०,९६,५६,३६९ | **वितीय/अन्य व्यवस्था** | १५,४९,६१,८२० |
| **आन्तरिक आय** | ७५,८३,९१५ | | |
| **अन्य आय** | १२,६५,९८,८४९ | | |
| **कुल आय** | ७५,१८,७५,९६७ | **कुल खर्च** | ७२,४५,७०,६८५ |
| **बाँकी मौज्दात** | | ११,०१,३८,४२४ | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
| १ | | | **परिचयः**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५५ सभा सदस्य, १८०वर्ग किलोमिटर क्षेत्रफल तथा ३० हजार २९५ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।१०।५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुलीः**<br><br>लेखापरीक्षणको क्रममा कर वापतको रकम रु १२००० असुल भइ दाखिला भएको छ । | |
| ३ | | | **स्थानीय संचित कोष :** | |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्ययको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।

| **सि.नं.** | **विवरण** | **रकम** | **जम्मा** | **सि.नं.** | **विवरण** | **रकम** | **जम्मा** |
|---|---|---|---|---|---|---|---|
| **१.०** | **गतकोअल्या** | | **८२८३३१४१।७८** | **१.०** | **चालुखर्च** | ३८९५३२०५२ | ३८९५३२०५२ |
| १.१ | ग-१.३आन्तरिक अनुदान खाता | १०००००० | | **२.०** | **पूँजीगतखर्च** | १८००७६८१३।०८ | १८००७६८१३।०८ |
| १.२ | ग-४.१संचित कोष खाता | ७७८४५५९३।४९ | | **३.०** | **विविधखर्च खाता** | ४८६३९०१ | ४८६३९०१ |
| १.३ | ग-३.१धरौटी खाता | २१७१६५८ | | **४.०** | **प्रकोपव्यवस्थापन** | २६६५५८० | २६६५५८० |
| १.४ | ग-२.७विविध खर्च खाता | ७५६४८७।५० | | **५** | मर्मतसंभार कोष खर्च | १५०५६८७ | १५०५६८७ |
| १.५ | ग-७.२प्रकोप व्यवस्थापन कोष | १५६७८४।७९ | | **६** | **अन्तरसरकारी अख्तियारी संघ** | | **१०८२८५५५८** |
| १.६ | ग-५.२मर्मत संभार कोष | ९०२६१८ | | ६.१ | सामाजिकसुरक्षा तथा संरक्षण | १०७८२१७५२ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **२.०** | **संचितकोष खाताको जम्मा** | | **६२५२७७११७।६७** | ६.२ | गरिवसंगविश्वेशर कार्यक्रम | ४६३८०६ | |
| २.१ | संघियराजस्व बाँडफाँड | ९२५८९८५२।७४ | | **७.०** | **प्रदेशसरकार अन्तर सरकारी अख्तियारी** | | **२८०४३७८** |
| २.२ | स्थानीयतह राजश्व | १७०६६५१६।०४ | | ७.१ | मुख्यमन्त्रीरोजगार कार्यक्रम | २१४९५३५ | |
| २.३ | आन्तरिकस्रोत (राजश्व) | ७५८३९१४।८९ | | ७.२ | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - | |
| २.४ | संघियसमानीकरण | १२००००००० | | ७.३ | सामाजिकविकास मन्त्रालय | - | |
| २.५ | संघियशसर्त अनुदान चालु | २७११०९९६० | | ७.४ | कर्णालीप्रदेश योजना आयोग | ५४९८४३ | |
| २.६ | संघियशसर्त अनुदान पूँजिगत | ३१३५०००० | | ७.५ | मुख्यमन्त्रीरोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | १०५००० | |
| २.७ | संघियविशेष अनुदान | ४८२००००० | | ७.६ | आन्तरिकमामिला तथा कानून मन्त्रालय | - | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.८ | प्रदेशसमानिकरण अनुदान | १२८५७००० | | ८ | **धरौटीखाताको खर्च** | ११२२६०७ | ११२२६०७ |
| २.९ | प्रदेशशसर्त अनुदान चालु | २८२३५०० | | ९ | **विभाज्यकोषको खर्च** | | **४३९१३४८।९८** |
| २.१० | प्रदेशशसर्त अनुदान पुँजिगत | २१५९१३७४ | | ९.१ | प्रदेश संचित कोषमा ट्रान्सफर | ४३९१३४८।९८ | |
| २.११ | प्रदेशविशेष अनुदान | १०५००० | | **१०.०** | **अनुदानफिर्ता संघ** | | २९३०९३५० |
| **३.०** | **विविधखर्च खाता** | | **६९५३५२९** | ११ | **अनुदानफिर्ता प्रदेश** | १३४०९ | १३४०९ |
| ३.१ | सुरक्षितनागरिक आवाश कार्यक्रम | ७००००० | | **१२.०** | **बैंङ्कमौज्दात** | | **११०१३८४२३।८९** |
| ३.२ | आइ टि अफिसर | ४१५००० | | १२.१ | ग-४.१संचित कोष खाता | **१०२०२४३५६।१०** | |
| ३.३ | जिल्लासमन्वय समिती | ४३४७५४ | | १२.२ | ग-३.1 धरौटी खाता | ३६१५७३८ | |
| ३.४ | सडकवोर्ड | ३९९०००० | | १२.३ | ग-२.७विविध खर्च खाता | २८४६११५ | |
| ३.५ | कृषिक्षेत्र विकास कार्यक्रम | ४१३७७५ | | १२.४ | ग-७.२प्रकोप व्यवस्थपान कोष | ३३५२०४।७९ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३.६ | विविधखर्च खातामा सोधभर्ना | १०००००० | | १२.५ | ग-५.2 मर्मत संभार कोष खाता | १३१७०१० | |
| ४.० | **मर्मतसंम्भार कोष खाता** | | **१९२००७९** | | | | |
| **५.०** | **प्रकोपब्यवस्थापन कोष** | | **२८४४०००** | | | | |
| ५.१ | चालुखर्चबाट ट्रान्सफर | २८४४००० | | | | | |
| **६.०** | **धरौटीखाताको आम्दानी** | | **२५६६६८७** | | | | |
| ६.१ | धरौटीरकम | २५६६६८७ | | | | | |
| **७.०** | **अन्तरसरकारी अख्तियारी** | | **१०८२८५५५८** | | | | |
| ७.१ | सामाजिकसुरक्षा तथा संरक्षण | १०७८२१७५२ | | | | | |
| ७.२ | गरिवसंगविश्वेशर कार्यक्रम | ४६३८०६ | | | | | |
| **८.०** | **प्रदेशसरकार अन्तर सरकारी अख्तियारी** | | **२८०४३७८** | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८.१ | मुख्यमन्त्रीरोजगार कार्यक्रम | २१४९५३५ | | | | | |
| ८.२ | भूमिव्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | - | | | | | |
| ८.३ | सामाजिकविकास मन्त्रालय | - | | | | | |
| ८.४ | कर्णालीप्रदेश योजना आयोग | ५४९८४३ | | | | | |
| ८.५ | मुख्यमन्त्रीरोजगार, उद्यमशीलता तथा आयआर्जन कार्यक्रम | १०५००० | | | | | |
| ८.६ | आन्तरिकमामिला तथा कानून मन्त्रालय | - | | | | | |
| ९.० | **कट्टीदायित्व/ सट्न बाँकी चेक** | | **१११५७७६** | | | | |
| ९.१ | गतआ.व. को कट्टी दाखिला बाँकी | १०७९२६६ | | | | | |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९.२</td><td>चेकसट्न बाँकी</td><td>३६५१०</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१०.०</td><td>अन्यआय</td><td></td><td>१०८८४१।५०</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>८३४७०९१०७।९५</td><td></td><td>जम्मा</td><td></td><td>८३४७०९१०७।९५</td></tr>
<tr><td colspan="8">नोट:- संञ्चितकोष खातामा श्रावण २४ सम्म सवै खर्च खाताको रकम ट्रान्सफर गरिसकेपछि मौज्दात रु.१०२०२४३५६.१० मध्ये मिती २०७९।०५।३० मा विशेष अनुदानको रकम रु.४०३९११४४ फिर्ता गरि रु. ६१६३३२१२.१ रकम संञ्चितकोष खातामा मौज्दात रहेको छ ।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>वित्तीय विवरण -<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । पालिकाले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु. ११४०१९३३ ले फरक देखिएको छ ।पालिकाले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>बैक हिसाब मिलान नगरेको -<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम</td><td></td></tr>
</table>

मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।

| **खाताको नाम** | **श्रेस्ता अनुसार बाँकी** | **बैंक स्टेटमेण्ट अनुसार बाँकी** | **फरक** |
|---|---|---|---|
| चालू खर्च खाता- विजोर वर्ष | ० | ४३५०४५६.६९ | ४३५०४५६.६९ |
| पूँजिगत खर्च खाता- विजोर वर्ष | ० | ४३८९१७९०.४५ | ४३८९१७९०.४५ |
| विविध खर्च खाता | १४४९६२८.०० | २८४६११५.५० | १३९६४८७.५ |
| स्थानीय तह धरौटी खाता | ३६१५७३८.०० | ३६१५७३८.०० | ० |
| स्थानीय तह सञ्चित कोष खाता | १३०३९६०४२.१० | ८२६६९९४४.९० | (४७७२६०९७.२) |
| स्थानीय तह मर्मत संभार कोष खाता | ५२३११७.०० | १३३७९३२ | ८१४८१५ |
| स्थानीय तह विभाज्य कोष खाता | १०.०० | ८५१७७०६.०४ | ८५१७६९६.०४ |
| स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १७८४२०.०० | ३३५२०४.७९ | १५६७८४.७९ |
| जम्मा | १३६१६२९५५ | १४७५६४८८८ | ११४०१९३३ |

६ **जिम्मेवारी फरक परेको -**

स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. ८२८३३१४१.७८ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा पनि रु. ८२८३३१४१.७८ जिम्मेवारी सारेको छ ।

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो | |

| | | | | |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ८ | | | **भ्रमण खर्च :**<br><br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ९ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री शान्ती कुमारी छन्तेलले मिति २०७८।३।१० गते रु. ७१ करोड ६० लाख ३९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।३।२८ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| १० | | | **बजेट सीमा निर्धारण समिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण | |

| | | | | |
|---|---|---|---|---|
| | | | गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ११ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १२ | | | **गत बर्षको दायित्व -**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. २६९३८३८९ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो ।तर गत विगत वर्षको जिम्मेवारी रु ८२८३३१४१ सारेवाट वजेट नपुग भएको देखिएन । सम्झौता बमोजिम समयमा काम नभएको यो योजनाको लागि यस | |

प्रकारको व्यवस्था गरेको होइन भनी आश्वस्त हुन सकिएन ।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिर्जना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

१३

**त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । नियममा भएको व्यवस्था बमोजिम त्रैमासिक प्रगति विवरण वनाएको पाइएन। पालिकाले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | | **चौमासिक खर्च** | | |
|---|---|---|---|---|---|
| | | **प्रथम** | **दोस्रो** | **तेश्रो** | **आषाढ महिना** |
| पूँजिगत खर्चतर्फ | १८००७६८१३ | ३४६०१०७० | ४१६४२१३५ | १०३८३३६०८ | ५८८१३९ |
| प्रतिशत | | १९.२२ | २३.१२ | ५७.६६ | ३२.६६ |

पालिकाले नियमावलीमा भएको व्यवस्था अनुसार स्वीकृत कार्यक्रम बमोजिम त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

१४

**क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागी क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| | | | | **जम्मा खर्चको तुलनामा** |
| १ | आर्थिक विकास | ५११३९१३९ | ४२६५८७१६ | ७.७१ |
| २ | पूर्वाधार विकास | १२७९३५६०६.४ | ८०००२२४५.०८ | १४.४६ |
| ३ | सामाजिक विकास | ३६२१३८०८६ | २९६११३६२५ | ५३.५१ |
| ४ | बातावरण तथा विकास | १०४००००० | २९८८२५७ | ०.५४ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १४४४८६९५८ | १३१६१२७०७ | २३.७८ |
| **जम्मा** | | ६९६०९९७८९ | ५५३३७५५५० | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये अन्य कार्यालय सञ्चालन तथा सामाजिक विकासमा सबैभन्दा बढी ५३.५१ प्रतिशत र वातावरण तथा विकासमा सबै भन्दा घटी ०.५४ प्रतिशत खर्च गरेको छ ।

१५

**योजना छनौट र कार्यान्वयन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु. १ लाख सम्म | | रु. १ लाख देखि २ लाखसम्म | | रु. २ लाखदेखि ५ लाखसम्मका | | रु. ५ लाख देखि १० लाखसम्मका | | रु. १० लाखभन्दा | |
|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| २२४ | १००२८२३४० | १०२ | १६९५५६१९ | ६७ | २२८८६६५३ | ३२ | २४२५७५३३ | ३३ | १०९३६४९८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा ४५८ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका २२४ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धैरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१६ **कर्मचारी प्रोत्साहन भत्ता -** १,५६८,८७२

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले नगरसभाको प्रोत्साहन भत्ता भनी चालुको ६०६।२०७९।३।२२ बाट ८ जना कर्मचारीहरुलाई

| | | | | |
|---|---|---|---|---|
| | | | रु २८५२३० र ४६५।२०७९।१।२४ मा रु २८३६४२ गरी रु ५६८८७२ सभावाट निर्णय गरी भत्ता वितरण गरेको छ । त्यसै गरी अतिरिक्त काम गरेवापत भनी ८ जना कर्मचारीहरुलाई रु १० लाख प्रोत्साहन वापत भत्ता वितरण गरेको छ । पालिकाले गाउँ कार्यपालिकाको निर्णय गरेर उक्त सुविधाहरु भुक्तानी गरेको छ । ऐनमा भएको व्यवस्था बमोजिम कानून निर्माण गरी आन्तरिक श्रोतबाट मात्र पालिकाले उल्लेखित सुविधाहरु प्रदान गर्नुपर्दछ । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु | |
| १७ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४९ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ९ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १८ | | | **कर्मचारी करार -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न ११ पदमा ५४ जना कर्मचारीहरु करारमा राखि रु. १५८८४१०५ खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ५ पदमा १२ जना करार नियुक्ति गरी बर्षभरीमा रु.३७८४९७० भुक्तानी | ३,७८४,९७० |

| | | | | |
|---|---|---|---|---|
| | | | गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राख्नु उचित देखिएन । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु | |
| १९ | | | **कानून र सञ्चालन स्थिति -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले यस वर्ष ४ वटा ऐन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।साथै पालिकाले ४ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| २० | | | **न्यायीक समिति -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २० भएकोमा २० वटै फस्र्यौट भएको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१ | | | **सेवाप्रवाहको स्थिति :**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ९५३ |
| मृत्युदर्ता | २८५ |
| बसाईसराई दर्ता | ३११ |
| विवाह दर्ता | ४०२ |
| सम्बन्धविच्छेद दर्ता | ४१ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ७ कि. मी. |
| ग्राभेल सडक मर्मत | २.५ कि. मी. |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक अवस्था देखिएन ।

| | | | | |
|---|---|---|---|---|
| २२ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| २३ | | | **खाना तथा विविध खर्च -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु. २४ लाख ३५ हजार खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ। | |
| २४ | | | **आर्थिक सहायता -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ८० जनालाई रु ५००० देखि १०००० सम्म गरी रु ५४८६०० आर्थिक सहायता वितरण गरेको छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २५ | | | **अनुदान फिर्ता -**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम रु ३४९९९ सम्बन्धित निकायमा फिर्ता गरेको पाइएन।उक्त | |

फिर्ता गर्नुपर्ने रकम कर कट्टी दाखिला बाँकी रकम भएको हुदाँ उक्त कर रकम सम्बन्धीत ठाउँमा दाखिला गरेको भन्ने कार्यालयको भनाई छ ।

| **अनुदान प्रदान गर्ने निकाय** | **अनुदानको प्रकार** | **प्राप्त रकम** | **खर्च रकम** | **फिर्ता रकम** | **बाँकी रकम** |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३०२८८६००० | २७३१५०६१० | २९३०९३५० | ० |
| | विषेश | ४८२००००० | ७८०८८५६ | ४०३९११४४ | ० |
| | समपुरक | ० | ० | ० | |
| | अन्य | ० | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त | २४६५२३७४ | २४६०३९६७ | १३४०९ | ३४९९९ |
| | विषेश | १०५००० | १०५००० | ० | |
| | समपुरक | ० | ० | ० | ० |
| | अन्य | ० | ० | ० | ० |
| | **जम्मा** | | | | |

| | | | | |
|---|---|---|---|---|
| २६ | | | **पेश्की बाकीः**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फर्छ्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फर्छ्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार रु. पेश्की फर्छ्यौट नभई बाँकी रहेकोले नियमानुसार फर्छ्यौट हुनुपर्ने रु. | ३,०१३,६८६ |

| क्र स | पेश्की लिने व्यक्ति तथा फर्म | प्रयोजन | म्याद नाघेको | म्याद ननाघेको |
|---|---|---|---|---|
| १ | नारायणदाहाल | महिलास्वयम सेविका खाजा कार्यक्रम | ५०००० | ० |
| २ | नारायणदाहाल | पोल ढुवानी | ११५००० | ० |
| ३ | नारायणदाहाल | पोलस्थानात्तरण | ४०००० | ० |
| ४ | नारायणदाहाल | वडा कार्यालयपाइप खरिद | १००००० | ० |
| ५ | नारायणदाहाल | लक्षित वर्गकार्यक्रम | १५०००० | ० |
| ६ | नारायणदाहाल | बालबालिकाकालागी सचेतना मुलक कार्यक्रम | २००००० | ० |
| ७ | साधनागाहा | अन्य सामाजिकसहायता | ६००० | ० |
| ८ | साधनागाहा | अन्य सामाजिकसहायता | १००००० | ० |
| ९ | खगेन्द्रहमाल | घटना दर्ता तथा सामाजिकसुरक्षा सम्वन्धमा अभिमुखिकरण कार्यक्रम संञ्चालन | २०७००० | ० |
| १० | किर्ति प्रसाद भट्टराई | वडा कार्यालय शिलालेख | ५०००० | ० |
| ११ | मङ्गलेझोलुङ्गे पुल निर्माण उ.स. | मंङ्गले,कुईरे,खुनुर्केस्सपेन्सन ब्रिज क्याम्पा सिमदमार ब्रिज न्यावलखोला ब्रिज भुरुङ्गडाँडा झोपुलेकवेशी नपा सुर्खेत | ५०२९४१ | ० |
| १२ | मङ्गले झोलुङ्गे पुल निर्माण उ.स. | मङ्गलेझोलुङ्गे पुल निर्माण | २१७५९७ | ० |

| | | | | |
|---|---|---|---|---|
| १३ | कृषिक्षेत्र विकास कार्यक्रम,कार्यक्रम समन्वय कार्यालय सुर्खेत | कृषि क्षेत्र विकासकार्यक्रम(लामिदमार राउटेटार कृषि सडक योजना) | ६९२५७६ | ० |
| १४ | ज्वालानिर्माण सेवा | खाँडदेवी मावि चौरासेविद्यालय भवन निर्माण | ० | ९१५००० |
| १५ | आर जे म्युजिक एण्ड मिडिया फिल्मस प्रा.लि. | सेवा र परामर्श खर्च | १५०००० | ० |
| १६ | हमालविल्डर्स | लमना रानागाँउ सडकयोजना(योजना लेकवेशी ७ र ६ जोड्ने) | ० | ५५०००० |
| १७ | लुम्विनिइन्जिनियरिङ्ग वर्कस प्रा.लि. | मंङ्गले,कुईरे,खुनुर्के स्सपेन्सन ब्रिज क्याम्पा सिमदमार ब्रिजन्यावलखोला ब्रिज भुरुङ्गडाँडा झोपु लेकवेशी नपा सुर्खेत | ६३९५७२ | ० |
| जम्मा | | | ३२२०६८६ | १४६५००० |

मिति **२०७९-१२-१५** मा **खगेन्द्र हमाल** को 207000.00 सम्परीक्षण मनासिब देखि फर्स्यौट गरिएको

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **राजश्व अभिलेख :**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख | |

| | | | | |
|---|---|---|---|---|
| | | | राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| २८ | | | **राजश्व दाखिला :**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत १० वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| २९ | | | **कर तथा शुल्क असुली -** | |

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>१३०००००</td><td>९४४८२४</td><td>०.७२</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>१०००००</td><td>३०८८८</td><td>०.३०८</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br><br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु ८१३९००० रकम सुविधा वापत भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>३१</td><td></td><td></td><td>स्वकीय सचिव र सल्लाहकार -<br><br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर नगरपालिकाले कानूनी सल्लाहकारको रुपमा सहायकस्तर तलब भत्ता भुक्तानी हुने गरी श्री रामबाबु वि सी लाई नियुक्त गरी मासिक रु. २२००० का दरले रु. २८६००० भुक्तानी भएको छ ।यसरी नियमावलीमा भएको व्यवस्था विपरीत खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु</td><td>२८६,०००</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३२ | | | **अनुगमन भत्ताः**<br><br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्न पर्ने उल्लेख छ भने कार्यालयकै कर्मचारीबाट निरिक्षण अनुगमन गर्दा अनुगमन भत्ता पाउने व्यवस्था नियमावलीमा छैन ।पालिकाले चालुको ६४१।२०७९।३।२४ बाट नदीजन्य पदार्थको अनुगमन वापत निम्न कर्मचारीहरुलाई अनुगमन भत्ता भुक्तानी गरेको रकम सम्बन्धीतबाट असुल गर्नुपर्ने रु<br><br>(तालिका तल)<br><br>***प्रारम्भिक प्रतिबेदन उपर अशुल भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयले रु ४५९०० सम्परीक्षण गरिएको ।*** | ११,४७५ |
| ३३ | | | **अन्य संस्थालाई अनुदान -**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यिता ,प्रभावकारिता, कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन । पालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ।यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्र स | कर्मचारीको नाम । पद | अनुगमन दर | संख्या | रकम (करकट्टी सहित) |
|---|---|---|---|---|
| १ | इन्जिनियर खेमराज पोखरेल | ४५०० | ३ | ११४७५ |
| जम्मा | | | | ५७३७५ |

| सि.नं. | अनुदान पाउने संस्थाको नाम | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | लेकवेशी उसु क्वान | कार्यालय व्यवस्थापन | १००००० | |
| २ | मालपोत कार्यालय | सोलार व्याट्री खरिद | १६७२४० | |
| ३ | नेपाल रेडक्रस सोसाइटी | कार्यालय व्यवस्थापन | ६७५८६ | |
| ४ | अस्थायी ट्राफिक पोष्ट लेकवेशी | घरभाडा | ३६००० | |
| ५ | हिउचुली महिला विकास तथा ऋण सहकारी संस्था | कार्यालय व्यवस्थापन | १००००० | |
| ६ | कर्णाली वाङ्गमय प्रतिष्ठान | कार्यालय व्यवस्थापन | २०००० | |
| ७ | इलाका प्रहरी कार्यालय | कार्यालय व्यवस्थापन | ४५०७५ | |
| **जम्मा** | | | ५३५९०१ | |

| | | | | |
|---|---|---|---|---|
| ३४ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १८००७६८१३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

<table>
<tr>
<td>३५</td>
<td></td>
<td></td>
<td>

**न्यायिक समिति बैठक भत्ताः**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन २०७७ को दफा ११ मा बैठक भत्ता सम्बन्धी व्यवस्था रहेको छ । जस अनुसार न्यायिक समीतिको हकमा प्रतिमहिना २ वटा बैठक रु ५०० का दरले भुक्तानी दिन पाउने व्यवस्था रहेको छ ।तर पालिकाले चालुको ६२१।२०७९।३।२३ बाट निम्न पदाधिकारीहरुलाई उक्त व्यवस्था भन्दा वढी भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्नपर्ने रु

<table>
<tr><td>पदाधिकारीको नाम र पद</td><td>भुक्तानी भएको बैठक संख्या</td><td>भुक्तानी हुनुपर्ने बैठक संख्या</td><td>वढी भुक्तानी बैठक भत्ता</td><td>भुक्तानी भएको दर</td><td>वढी भुक्तानी रकम करकट् सहित</td></tr>
<tr><td>संयोजक शान्ति कुमारी छन्तेल</td><td>३८</td><td>२४</td><td>१४</td><td>५००</td><td>५९५०</td></tr>
<tr><td>सदस्य टिबम पौडेल</td><td>३८</td><td>२४</td><td>१४</td><td>५००</td><td>५९५०</td></tr>
</table>

***प्रारम्भिक प्रतिबेदन उपर अशुल भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयले रु १५३०० सम्परीक्षण गरिएको ।***

</td>
<td>११,९००</td>
</tr>
<tr>
<td>३६</td>
<td></td>
<td></td>
<td>

**सवारी साधन मर्मत:**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९६ मा नियम १३ को उप नियम ५ बमोजिम लागत अनुमान स्वीकृत गराउनु पर्ने र नियम ९६ को उप नियम ३ मा पाँच हजारभन्दा बढीका सामान जिन्सी दाखिला गर्नुपर्ने उल्लेख छ । भने आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ ,दफा ३१ र ३२ मा आन्तरिक नियन्त्रणको व्यवस्था छ । सवारी साधन मर्मतका बिल भर्पाइ परीक्षण हुँदा खर्चका प्रकृति र मर्मत गरिएका तथा फेरिएका सामानहरुको परिमाण अस्वाभाविक देखियो।

</td>
<td></td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>नियमानुसार गर्नु पर्ने आन्तरिक नियन्त्रण समेत भएको भन्न सकिएन । केही ठुला मर्मतका विलमात्र टिपोट गर्दा ३ वटा सवारी साधन मर्मतमा रु १८७८३९७ खर्च भएको देखियो । अन्य साना विल ,अरु शिर्षक तथा कन्टिन्जेन्सी बाट भएको खर्च समेत हिसाव गर्ने हो भने सवारी साधन मर्मतमा ठुलो रकम खर्च भएको छ । त्यसै गरी रु २८७०२५ मा मर्मत भएको एम्बुलेन्सले कति पटक सचालन भै कति आम्दानी तथा किलोमिटर चलेको हो सो को पुष्टि हुने प्रमाण पेश भएन ।यस सम्बन्धमा छानविन गरी खर्च भएको रकम बास्तविक भएको आश्वस्त गराउनु पर्दछ भने आन्तरिक नियन्त्रण ब्यवस्था मजदूत बनाइ खर्च मितव्ययिता गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ । उक्त गाडीहरु मर्मतको विवरण यस प्रकार रहेको छ :
<table>
<tr><th>सि नं</th><th>गाडि नंबर</th><th>ममर्त खर्च रकम</th></tr>
<tr><td>१</td><td>भे १ झ २५९</td><td>७२०१९७</td></tr>
<tr><td>२</td><td>क प्र ०२००१ झ १०० एम्बुलेन्स</td><td>३८७०२५</td></tr>
<tr><td>३</td><td>क प्र ०२००१ झ ००८४ स्कोर्पीयो</td><td>७७११७५</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३७</td>
<td></td>
<td></td>
<td>नविकरण जरिवाना:<br><br>चालुको ४४७/०७९/१/११ कार्यालयका सवारी साधनहरु समयमा नै नविकरण गरी स्रेस्ता अद्यावधिक गर्नु पर्नेमा लामो समय सम्म पनि नविकरण नगरी जरिवाना तिरेको छ । यस सम्बन्धमा भण्डार प्रमुख र सम्बन्धित सवारी प्रयोयकर्तालाइ जिम्मेवार बनाइ निम्नानुसार लाग्ने दस्तुर भन्दा बढी जरिवाना तिरेको रकम असूल हुनु पर्ने रु
<table>
<tr><th>सवारी नम्बर</th><th>जरिवाना तिरेको रकम रु</th></tr>
<tr><td>क प्र ०२००१ झ ००८४</td><td>३५२०/-</td></tr>
</table>
</td>
<td>१२,०८०</td>
</tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>भे १ ब १५८२</td><td>४००/-</td></tr>
<tr><td>भे १ ब १५८३</td><td>२००/-</td></tr>
<tr><td>भे १ ब १२३३</td><td>८००/-</td></tr>
<tr><td>भे १ ब १३४५</td><td>२०८०/-</td></tr>
<tr><td>भे १ ब ७६४</td><td>२०८०/-</td></tr>
<tr><td>भे १ ब ७७४</td><td>८००/-</td></tr>
<tr><td>भे १ ब ११११४</td><td>८००/-</td></tr>
<tr><td>भे १ ब ५१५</td><td>२००/-</td></tr>
<tr><td>भे १ ब ९४४</td><td>४००/-</td></tr>
<tr><td>भे १ ब ८७९</td><td>८००/-</td></tr>
</table>
</td>
<td></td>
</tr>
<tr>
<td>३८</td>
<td></td>
<td></td>
<td>
बजेट खर्च लेखी कागजात उपलब्ध नभएको -<br><br>
आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ ।पालिकाले निम्न गो भौ र मितिमा वजेट खर्च लेख्दा उक्त खर्चलाई पुष्टी गर्ने कागजात पेश नगरेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><td>गो भौ र मिति</td><td>विवरण बैक नगदी किताब अनुसार</td><td>रकम</td></tr>
</table>
</td>
<td>६३४,४१०</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सशर्त १७०।२०७९।३।२२</td><td>बहादुर गुरुङ्ग घर हुदै उत्तर भेडावारी सडक निर्माण</td><td>३६४०८७</td></tr>
<tr><td>२२२।२०७९।३।३०</td><td>लघु वित्तमा पहुच तथा बजारीकरण कार्यक्रम पे फ</td><td>७१४००</td></tr>
<tr><td>२२६।२०७९।३।३१</td><td>आमा सुरक्षा कार्यक्रम पे फ</td><td>४७२००</td></tr>
<tr><td>प्रकोप व्यवस्थापनको ७।२०७९।३।२०</td><td>न्यू ज्वाला ट्रेडर्स एण्ड जनरल अर्डर भुक्तानी</td><td>१९८९२३</td></tr>
</table>
<br>
प्रारम्भिक प्रतिबेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयले रु १०७६२०० सम्परीक्षण गरिएको ।
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>पारिश्रमिक कर -<br><br>……….. प्रारम्भिक प्रतिबेदन उपर अशुल भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयले रु ९७६७९ सम्परीक्षण गरिएको ।</td><td>०</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कर दाखिला नभएकोः<br><br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ भने दफा ९० मा उक्त कर रकम दाखिला गर्नुपर्ने व्यवस्था छ ।पालिकाबाट सञ्चालित कार्यक्रम वापत कट्टी भएका उक्त कर रकम सम्बन्धीतले दाखिला नगरेकोले उक्त कर रकम दाखिला प्रमाण पेश गर्नुपर्ने रु
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>करको दर</th><th>कर रकम</th></tr>
</table>
</td><td>१८,९००</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६२५।२०७९।३।२३</td><td>मुढा बुनाई तालिम सञ्चालन उ स ले मुख्य प्रशिक्षक नन्दकली खड्लुकको पारिश्रमिक कर कट्टी गरेको रकम</td><td>१५ %</td><td>९४५०</td></tr>
<tr><td>६२५।२०७९।३।२३</td><td>मुढा बुनाई तालिम सञ्चालन उ स ले सहायक प्रशिक्षक मानकुमारी दर्लामीको पारिश्रमिक कर कट्टी गरेको रकम</td><td>१५ %</td><td>९४५०</td></tr>
</table>
प्रारम्भिक प्रतिबेदन उपर अशुल भएको आधारमा मिति २०७९/१२/२४ को निर्णयले रु ६६१२६ सम्परीक्षण गरिएको ।
</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>नगर खेलकुद कार्यक्रमः<br><br>आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले यस वर्ष नगर खेलकुद कार्यक्रम बनाई विभिन्न युवा क्लब तथा खेलकुद समीतिहरुलाई खेलकुदमा प्रोत्साहन गर्नका लागि रु १७ लाख खर्च लेखेको छ । पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>सवारीसाधन खरिद -<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ASDP को लगानीमा कृषि शाखाको लागि यस वर्ष १ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु. २९०९८५ बजेटबाट खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>शिक्षक दरवन्दी र पदपूर्ति -</td><td></td></tr>
</table>

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४७ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| सि.नं | विद्यालयको नाम | शिक्षक दरबन्दी | | | | पदपुर्ती | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थायी | राहत | पिसिएफ | स्वयमसेवक | स्थायी | राहत | पिसिएफ | स्वयम |
| १ | जीवनज्योतीमावि दशरथपुर | ११ | ३ | २ | ० | ११ | ३ | २ | ० |
| २ | जनकल्याणप्रावि भैसेदमार | १ | ० | ० | ० | १ | ० | ० | ० |
| ३ | हिमालय प्राविडाँडागाउ | ३ | ० | ० | ० | ३ | ० | ० | ० |
| ४ | जनप्रिय माविव्याबरे | ६ | ० | ३ | ४ | ६ | ० | ३ | ४ |
| ५ | कृष्णप्रावि सिमले | १ | १ | ० | ० | १ | १ | ० | ० |
| ६ | सरस्वतिप्रावि कमैयाघारी | २ | ० | ० | ० | २ | ० | ० | ० |
| ७ | सरस्वति माविकल्याण | १० | ३ | १ | १ | १० | ३ | १ | १ |
| ८ | जनक माविगमखोला | ४ | ३ | २ | ३ | ४ | ३ | २ | ३ |
| ९ | सहिद स्मतिप्रावि अम्रैयागडि | ० | ० | २ | ० | ० | ० | २ | ० |
| १० | नेरा प्राविरानागाँउ | २ | १ | ० | ० | २ | १ | ० | ० |
| ११ | गणेश प्राविठुलोखल्टाकुरा | ३ | ० | ० | ० | ३ | ० | ० | ० |
| १२ | कालिका प्राविगुयालाघारी | ३ | ० | ० | ० | ३ | ० | ० | ० |
| १३ | नेरा प्राविकुइरे | २ | ० | ० | ० | २ | ० | ० | ० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | नेरा प्राविलामिडांडा | २ | १ | ० | ० | २ | १ | ० | ० | |
| १५ | अम्मरज्योतिप्रावि सात्तले | ० | २ | ० | ० | ० | २ | ० | ० | |
| १६ | सरस्वति माविसीमदमार | ३ | ३ | २ | ३ | ३ | ३ | २ | ३ | |
| १७ | नेरा प्राविलेकगाँउ | ३ | ० | ० | ० | ३ | ० | ० | ० | |
| १८ | सरस्वति आविफुलबारी | ४ | १ | १ | २ | ४ | १ | १ | २ | |
| १९ | जनकल्याणप्रावि बाघखोर | १ | १ | ० | ० | १ | १ | ० | ० | |
| २० | शिशु प्राविढाव | ३ | ० | ० | ० | ३ | ० | ० | ० | |
| २१ | शान्तीसीर्जना आवि रातामाटे | ४ | २ | १ | २ | ४ | २ | १ | २ | |
| २२ | खाँडदेविप्रावि गोरुजुरे | ० | १ | ० | ० | ० | १ | ० | ० | |
| २३ | चन्द्रोदयप्रावि मझुवा | २ | १ | ० | ० | २ | १ | ० | ० | |
| २४ | नेरा प्राविकोलखोला | २ | ० | ० | ० | २ | ० | ० | ० | |
| २५ | पशुपति प्राविपाखापानी | २ | ० | १ | ० | २ | ० | १ | ० | |
| २६ | सिद्धेश्वरीप्रावि बारागाँउ | २ | ० | ० | ० | २ | ० | ० | ० | |
| २७ | नेरा आविपोखराभञ्ज्याङ्ग | ४ | २ | १ | २ | ४ | २ | १ | २ | |
| २८ | नवज्योतिप्रावि पोखरीचौर | २ | १ | ० | ० | २ | १ | ० | ० | |
| २९ | नेरा प्राविसानोखल्टाकुरा | ० | १ | ० | ० | ० | १ | ० | ० | |
| ३० | नेरा माविनेटा | ४ | ४ | ० | २ | ४ | ४ | ० | २ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३१ | लक्ष्मि माविलवना | ३ | १ | ४ | ४ | ३ | १ | ४ | ४ |
| ३२ | नेरासिर्जनशील प्रावि ठाँटी | ० | ० | १ | ० | ० | ० | १ | ० |
| ३३ | जीवनज्योतीप्रावि खोल्टेपानी | ३ | ० | ० | ० | ३ | ० | ० | ० |
| ३४ | कालिका प्राविबारक्रेकोट | ३ | ० | ० | ० | ३ | ० | ० | ० |
| ३५ | कालिका प्राविलामीदमार | २ | १ | ० | ० | २ | १ | ० | ० |
| ३६ | जनकल्याण आविजहरे | ४ | २ | १ | २ | ४ | २ | १ | २ |
| ३७ | नेरा माविचुनियापानी | ४ | ० | ३ | ४ | ४ | ० | ३ | ४ |
| ३८ | जनप्रकाश आविकल्लेरी | २ | १ | १ | २ | २ | १ | १ | २ |
| ३९ | नेरा प्राविसिग्रेदह | २ | ० | १ | ० | २ | ० | १ | ० |
| ४० | नेरा माविकुइनेपानी | ४ | ४ | ३ | २ | ४ | ४ | ३ | २ |
| ४१ | नेरा प्राविदेवीडाँडा | २ | ० | १ | ० | २ | ० | १ | ० |
| ४२ | जनप्राविवेत्तडा | २ | ० | ० | ० | २ | ० | ० | ० |
| ४३ | चन्द्रज्योतीमावि चन्द्रपुर | ६ | ४ | ३ | २ | ६ | ४ | ३ | २ |
| ४४ | आदर्श माविलेकफर्सा | १२ | ३ | २ | १ | १२ | ३ | २ | १ |
| ४५ | पशुपति माविपुलटार | ३ | ३ | ३ | ४ | ३ | ३ | ३ | ४ |
| ४६ | खाँडदेवि माविचौरासे | १० | २ | ० | १ | १० | २ | ० | १ |
| ४७ | जनज्योतिप्रावि आरणटुंडा | ० | ३ | ० | १ | ० | ३ | ० | १ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता -**<br><br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई र विद्यालयको भौतिक गुणस्तर सुधार वापत वित्तीय समानीकरण अनुदानबाट रु. १५७२९२२१ खर्च लेखेको पाईयो । यसरी नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु | १५,७२९,२२१ |
| ४५ | | | **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वयन अनुदानः**<br><br>***........... प्रारम्भिक प्रतिबेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयले रु ५००००००  सम्परीक्षण गरिएको ।*** | ० |
| ४६ | | | **नमूना विद्यालय गुरुयोजनाः**<br><br>***........... प्रारम्भिक प्रतिबेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९।१२।१५ को निर्णयले रु* 8710749.00 *सम्परीक्षण गरिएको ।*** | ० |
| ४७ | | | **स्यानीटरी प्याड खरिदः**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६-१२ मा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापन गर्न प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले शसर्त चालुको १९४।२०७९।३।२३ बाट जस्मिन हाइजिन प्रोड्क्स प्रा लि बाट ४५८७५ स्यानीटरी प्याड खरिदमा रु १२८४५६४ खर्च लेखेको छ । उक्त प्याडहरु | १,२८४,५६४ |

<table>
<tr><td></td><td></td><td></td><td>विद्यालयमा हस्तान्तरण नगरी पालिकाको गोदाममै मौज्दात राखेको देखियो । आवश्यकतालाई महशुस नगरी खरिद प्रयोजनार्थ उक्त प्याडहरु खरिद गर्ने र उक्त प्याडहरु सम्बन्धीत ठाउँमा हस्तान्तरण नगर्नेहरुलाई जिम्मेवार वनाइ वितरण भर्पाइ पेश गर्नुपर्ने रु</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>शिर्षक फरक पारी खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शीर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । साथै एकीकृत आर्थिक संकेत वर्गीकरण र व्याख्या, २०७४ मा खर्च शिर्षक उल्लेख गरेको र सोहीअनुसार खर्च गर्नुपर्ने उल्लेख छ । कुनै पनि कार्यक्रममा विनियोजन गरेको रकम उक्त शिर्षकमै खर्च गर्नुपर्ने र यदि रकमान्तर गर्नु पर्ने भएमा सो को सम्पूर्ण प्रक्रिया पुऱ्याएर मात्र खर्च गर्न पाउने व्यवस्था छ । तर नगरपालिकाले रकमान्तर नगरी निम्न खर्चहरु शिर्षक फरक पारी खर्च गरेको नियम सम्मत नदेखिएको रु
<table>
<tr><td>सि न</td><td>गो भौ र मिति</td><td>विनियोजन भएको शीर्षक</td><td>शीर्षक फरक पारेको</td><td>रकम</td></tr>
<tr><td>१</td><td>शसर्त चालुको१८०।२०७९।३।२३</td><td>तोकिएका विद्यार्थीको दिवा खाजा</td><td>विद्यालय कर्मचारीहरुको तलब भत्ता</td><td>३७८७४३</td></tr>
<tr><td>२</td><td>१८०।२०७९।३।२३</td><td>विद्यालय शैक्षिक गुणस्तर सुधार कार्यक्रम</td><td>विद्यालय कर्मचारीहरुको तलब भत्ता</td><td>३४५२५७</td></tr>
<tr><td>३</td><td>१९३।२०७९।३।२३</td><td>सार्वजनिक विद्यालयका विद्यार्थीका लागि पाठ्यपुस्तक अनुदान</td><td>पशुपति मावि पुस्तकालय सामग्री खरिद</td><td>६१९५५१</td></tr>
</table></td><td>१,३४३,५५१</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>औषधी खरिदः<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिसलाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । यस पालिकाले उक्त प्रक्रियावेगर सशर्तबाट रु १४ लाख, नगरपालिका समानिकरणबाट रु १२ लाख</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | ९७ हजार गरी रु. २६ लाख ९७ हजारका औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन: <br><br> • औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, <br><br> • औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको । <br><br> • तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५० | | | **अनुदानको अनुगमन -** <br><br> सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले ८ कृषि तथा पशुसेवा सहकारी संस्था र समीतिलाई बीउपूँजी तथा अनुदानमा रु. २८७७९८७ अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५१ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br><br>बैंक खाता छोरीको, सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १०००। र त्यसपछि मासिकरु ५००। का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा, २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति, अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने, अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा ३४२ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु २०३१००० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनुजरुरी देखिन्छ । | |
| ५२ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम -**<br><br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकामा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले पालिका भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको पाइएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत पालिका भित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ५३५ जनालाई रोजगारी उपलव्ध गराई रु. २,८८,६२,४२१ खर्च गरेको छ । लक्षित वर्गलाई औषत ९० दिनसम्म रोजगारी | |

| | | | | |
|---|---|---|---|---|
| | | | उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको देखिन्छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ५३ | | | **म्याद थप र पूर्वनिर्धारित क्षतिपूर्तिः**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उप नियम ६ मा सुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न नपाइने व्यहोरा उल्ल्ख छ भने नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्तिको व्यवस्था छ ।<br><br>• **ठेक्का नं 9/NCB/works/LM/1/077-78** बाट आदर्श मावि लेकवेशी भवन निर्माण गर्न कवोल अंक रु ८३५१५३८ को लागतमा मिति २०७७।१२।३ मा सम्झौता भएकोमा तोकिएको मितिमा समेत उक्त कार्य सम्पन्न नभई निर्माण व्यावसायीलाई २०७८।९।३० भित्रमा सम्पन्न गर्ने गरी म्याद थप गर्दा पनि लेखापरीक्षण अवधी सम्म पनि उक्त कार्य सम्पन्न भएको पाइएन ।यसकारण उक्त कार्यको म्याद थप नभएको र पूर्व निर्धारित क्षतिपूर्ति पनि नलगाएको हुँदा नियमानुसार कवोल अंक रु ८३५१५३८ को दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशतले १८० दिनको रु ७५१६३९ असूल हुनु पर्ने रु<br>• **ठेक्का नं 9/NCB/works/LM/2/077-78** बाट नेरा मावि चुनियापानी भवन निर्माण गर्न एच बि पि कन्स्ट्रकसन एण्ड ट्रान्सपोर्ट प्रा लि लाई कवोल अंक रु ८४०६९९४ को लागतमा मिति २०७७।१२।२ मा सम्झौता भएकोमा तोकिएको मितिमा समेत उक्त कार्य सम्पन्न नभई निर्माण व्यावसायीलाई २०७८।१२।३० भित्रमा सम्पन्न गर्ने गरी म्याद थप गर्दा पनि लेखापरीक्षण अवधी सम्म पनि उक्त कार्य सम्पन्न भएको पाइएन ।यसकारण उक्त कार्यको म्याद थप नभएको र पूर्व निर्धारित क्षतिपूर्ति पनि नलगाएको हुँदा नियमानुसार कवोल अंक रु ८४०६९९४ को दैनिक शुन्य दशमलव शुन्य पाँच प्रतिशतले ९० दिनको रु ३७८३१५ असूल हुनु पर्ने रु | १,१२९,९५४ |
| ५४ | | | **बढी भुक्तानीः-**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भर्पाई र काथजात संगल्न भए वा नभएको तथा संगल्न | ५,७५३ |

| | | | | |
|---|---|---|---|---|
| | | | कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । पालिकाले नियमअनुसारका कार्यको रकम भुक्तानी गर्दा विल भपाई तथा कार्य सम्पन्न प्रतिवेदन अनुसार भुक्तानी गर्नुपर्ने भन्दा बढी भुक्तानी गरेको पाईएकोले बढी भुक्तानी भएको रकम अशुल गर्नुपर्ने रु.<br><br>**क.** नेपाल राष्ट्रिय मा.वि. कुइनेपानी लेकबेशी-८ को भवन निर्माणका लागि खड्का/ओली/ शुभ आशिवार्द जे.भी. सँगै रु.१७५१९४७२।३९(मुअकर पिएस समेत) को सम्झौता भएकोमा कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१७४८०८६१।८५ को कार्य भएको देखिन्छ । तर पालिकाले उक्त कार्यका लागि गो.भौ.न.२३।०७८।६।२२ र ६८।०७८।८।२३ बाट पेश्की फछ्यौट समेत रु.१७४८४१११।८५ भुक्तानी गरेकोले रु.३२५०।०० बढी भुक्तानी गरेको छ । तसर्थ उक्त बढी भुक्तानी रकम अशुल गर्नुपर्ने रु.<br><br>**ख.** मा.वि. नेरा भवनको रेट्रो फिटिङ्ग कार्यका लागि ओम कन्ट्रक्सन अछाम संग रु.४३८८५०५।७२को सम्झौता भएकोमा कार्य सम्पन्न प्रतिवेदन अनुसार रु.४३८५९९८।२४ को कार्य भएको देखिएकोमा गो.भौ.नं. २५८।०७८।१२।१७ र ४६२।०७९।३।२३ बाट उक्त कार्यको लागि रु.४३८८५०२ भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम रु. २५०३ अशुल गर्नुपर्ने रु. | |
| ५५ | | | **योजना हस्तान्तरण सम्बन्धमाः-**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(१२) मा उपभोक्ता समितिबाट निर्माण कार्य सम्पन्न भएपछि रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्वमा उपभोक्ता वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ । तर पालिका अन्तर्गत उपभोक्ता मार्फत निर्माण सम्पन्न भएका कार्यहरु सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने गरेको पाईएन । यसरी हस्तान्तरण नगर्दा भएका निर्माण कार्यको सुरक्षा लगाएत मर्मत सम्भारको जिम्मेवारी कसको हुने स्पस्ट नहुने साथै नियमको पालना नहुने देखिएकोले नियमको प्रक्रिया पुरा गरी त्यस्ता निर्माण कार्य सम्बन्धित समुहलाई हस्तान्तरण गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ५६ | | | **निर्माण कामको बीमाः-**<br><br>पालिका अन्तर्गत १५ वेडको अस्पाताल भवन निर्माण गर्न निर्माण व्यवसायी खड्का/ओली/शुमआशिर्वाद जे.भी. सँग मिति २०७८।३।१५ मा रु.११२२०५८२७।८८ को सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार उक्त भवन निर्माणको काम मिति २०८०।३।२५ मा सम्पन्न गर्नुपर्ने उल्लेख छ। उक्त निर्माण कार्यको शिलान्यास सम्म भएको तर वनले रुख काटन स्वीकृत नदिएको कारण हालसम्म कार्य प्रारम्भ हुन नसकेको पालिकाको भनाई छ । फिल्ड निरिक्षणका क्रममा अस्पताल निर्माण स्थल अवलोकन गर्दा वनक्षेत्रमा रहेको र शिलान्यास गरेको स्थान समेत पुरिएका कारण नदेखिएको अवस्था छ । निर्माण स्थलको सुनिश्चिता नभएको अवस्थामा भवन निर्माणका लागि ठेक्का प्रक्रियामा गई सम्झौता समेत गर्नु नियम सम्बत देखिदैन ।सरकारी वनको जग्गामा स्थाई संरचना निर्माण गर्दा वनको पूर्व स्वीकृती लिनुका साथै निर्माण कार्यका लागि आवश्यक पर्ने जग्गा पालिकाको नाममा बनाउनु पर्ने देखिन्छ । उक्त कार्यका लागि आ.व.०७७।०७८ मा सम्झौता गरे पश्चात रु२५६००००००।०० मोविलाईजेशन पेश्की लिएकोमा उक्त पेश्की वापत राखेको पेश्की जमानतको म्याद मिति २०७९ असार २० गते समाप्त भएकोमा सोको म्याद थप गरिएको छैन ।<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ५२(क) पेश्की सम्बन्धी व्यवस्थाको उपदफा ३ मा त्यसरी पेश्की भुक्तानी गर्दा सम्झौता भएको कार्यका लागि छुटै खोलिएको बैक खाता मार्फत भुक्तानी गर्नुपर्ने उपदफा ४ मा पेश्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरी सक्नुपर्ने, उपदफा ५ मा उक्त पेश्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अधावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई तोकिए बमोजिम उपलब्ध गराउनु पर्ने उल्लेख छ । उपदफा ६ मा यस दफा बमोजिम लिएको पेश्की रकम सम्बन्धित काममा प्रयोग भएको नपाइएमा उपदफा बमोजिम लिएको अग्रिम बैक जमानत जफत हुने भन्ने छ । नियमानुसार पेश्की व्यवस्थापन नगरेको साथै पेश्की लिएको स्रोह महिनासम्म काम शुरु नगरेको तथा पेश्की जमानतको म्याद समेत समाप्त भएको हुँदा उक्त पेश्की जोखिममा रहेको छ । तसर्थ वन कार्यालयसँग सहकार्य गरी निर्माण स्थलमा रहेका रुख काटी निर्माण कार्य अगाडी बढाउनु पर्ने, जग्गाको स्वामित्व पालिकाको नाममा लिने तथा पेश्की जमानतको म्याद थप गर्न लगाई कार्य अगाडी बढाउनु पर्ने देखिन्छ । | |
| ५७ | | | **कल्याण हेल्थपोष्ट भवन निर्माणः-** | ३३८,१०५ |

| | | | | |
|---|---|---|---|---|
| | | | हेल्थ पोष्ट भवन निर्माणका लागि HBP construction and transport PVT.LTD सँग मिति २०७७।३।२६ मा रु. ७११८००७।८९ को सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार उक्त काम मिति २०७७।१२।३० मा सम्पन्न गर्नुपर्नेमा म्यादथप नै मिति २०७८।१२।३० सम्म सम्पन्न गर्ने म्याद रहेको सो पछि म्याद थप गरेको पाईएन । हाल सम्म उक्त कार्यको रु. १४४४७६८ रकम भुक्तानी भएकोले २० प्रतिशत मात्र खर्च भएको विवरण पेश भएको छ । पालिकाबाट पेश भएको उक्त विवरण अनुसार उक्त कार्य हालसम्म सम्पन्न भएको देखिदैन । भौगोलिक विकटता तथा समय अभावका कारण उक्त निर्माण कार्यको फिल्ड निरीक्षण गर्न सकिएको छैन । थपिएको म्याद सम्म उक्त कार्य सम्पन्न नभएकोले पुनः म्याद थप भएको भए सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा नियमानुसार सम्झौता रकमको ०.०५ प्रतिशतले हुने प्रतिदिन रु. ३५५९ ले २०७९।३।३२ सम्म ९५ दिनको हुने पूर्व निर्धारित क्षतिपूर्ति रु. ३३८१०५ अशुल गरी कार्य सम्पन्न गराउनु पर्ने रु.  **चित्रः हस्पिटल निर्माण स्थल** | |

| | | | | |
|---|---|---|---|---|
| ५८ | | | **आरनडाँडा भुरुङ्डाडा बरागाउ हुदै सिन्ता जोड्ने सडक निर्माणः-**<br><br>उक्त सडक निर्माणका लागि सुदर्शन निर्माण सेवा जाजरकोटसँग मिति २०७७।१२।२६ मा मिति २०७८।२।३ मा सम्पन्न गर्ने गरि रु. २७९७२३९ को सम्झौता भएकोमा पालिकाले दिएको विवरण अनुसार उक्त सडक हालसम्म निर्माण सम्पन्न भएको देखिदैन । म्याद समाप्ती सम्म ६९ प्रतिशत भुक्तानी भएकोमा म्याद थपका लागि निवेदन नभएको उल्लेख छ । तसर्थ पुन म्याद थप मै कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा नियमानुसार सम्झौता रकमको ०.०५ प्रतिशतले हुने अधिकतम १० प्रतिशत रकम रु.२७९७२४ - अशुल गर्नुपर्ने रु. | २७९,७२४ |
| ५९ | | | **मुल्य अभिवृद्धि कर दाखिला नगरेकोः-**<br><br>पालिका अन्तर्गतका नदीमा रहेको नदी जन्य पदार्थको सकंलन गर्न शुभ आशिवार्द कन्ट्क्सन एण्ड सप्लायर्स सँग रु. १६१०००००।१०(मु.अ. कर समेत) को सम्झौता भएकोमा सम्बन्धितले सम्झौता अनुसारको रकम रु. १४२४८०००(मु.अ.कर बाहेक) पालिकाको खातामा मिति २०७८।०६।०६ मा दाखिला गरेकोमा सोको मु.अ. कर वापत हुने रु.१८५२०००।०० हालसम्म नबुझाएकोले उक्त रकम समबन्धितबाट अशुल गरी सम्बन्धित राजश्व खातामा दाखिला गर्नुपर्ने रु. | १,८५२,००० |
| ६० | | | **कार्यसम्पादन जमानतको म्याद थप बारेः-**<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) मा वोलपत्र दाताले ऐनको दफा २७(४) बमोजिमको ढाँचामा दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैंकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । नियम ११०(४) मा त्यस्तो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्नाले कार्य सम्पन्न गर्ने अवधि भन्दा एक बर्ष पछिको हुने भएकोले कार्यसम्पादन जमानतको म्याद कार्यसम्पादन गर्ने अवधि भन्दा १३ महिना बढी अवधिको हुनुपर्छ । पालिकाबाट सम्झौता भएका निम्न निर्माणकार्यको कार्यसम्पादन जमानत नियममा उल्लेख भएको अवधि भन्दा घटी अवधिको भएकोले नियमानुसार कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु. | ५,२९६,४२५ |

| कामको विवरण | सम्पन्न गर्ने मिति | निर्माण व्यवसायी | कार्यसम्पादन जमानत रकम | जमानतको अवधि | जमानत थप गर्नुपर्ने अवधि |
|---|---|---|---|---|---|
| नेरा मावि कुइनेपानी भवन निर्माण | २०७८।८ मसान्त | खड्का/ओली/ शुमाआशिवार्द जे.मि. | २५४८००० | ०७९।४।३० | २०७९ पुष मसान्त |
| कालिका प्रावि भवन निर्माण | ०७८ चैत | विन्रम निर्माण सेवा | २५७००० | ०७९।११।३० | २०८०बैशाख |
| कुइनेपानी लामीडाडा लेकछेडा पाटन सडक | २०७८।०८।३० | विशाल निर्माण सेवा | २२७२००० | २०७९।४।१२ | २०७९ पौष सम्म |
| मावि नेरा भवन रेक्टो फिटिङ्ग | | ओम कन्ट्रक्सन | २१९४२५ | जमानत पेश नभएको | |

६१ **बीमाः-**

सार्वजनिक खरिद निमायवली २०६४ को नियम ११२ अनुसार खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यमा प्रयोग हुने सामाग्री, मेसिन, कामदार लगाएतको बीमा गर्नुपर्ने उल्लेख छ । पालिका अन्तर्गत ठेक्का प्रक्रियाबाट सम्झौता गरि निर्माण कार्य गरेका अधिकांश निर्माण व्यवसायीले नियमानुसार बीमा गरेको पाईएन । नियममा भएको व्यवस्थाको पालना नगर्दा निर्माण स्थलमा हुने जोखिम बहन नभई काममा बाधा पर्ने हुदा नियामानुसार बीमा गराउन तर्फ पालिकाले ध्यान दिनुपर्छ ।

६२ **अधुरा ठेक्का सम्बन्धमाः-**

| | | | | |
|---|---|---|---|---|
| | | | **नगरपालिकाको भवन निर्माणः-** नगरपालिकाको भवन निर्माण गर्नका लागि Associate Jaya Bhawani Ranjitkar/ JV सँग मिति 2078/01/2 मा रु. 35779132/70(मु.अ.कर समेत) को सम्झौता भएको देखिन्छ ।सम्झौता अनुसार उक्त काम मिति 2079/01/2 मा सम्पन्न गर्नुपर्नेमा निर्माण व्यवसायीले तल्लो तल्लाको केही काम समाप्त गरी बाँकी काम अधुरो छोडेको भन्ने जानकारीका आधारमा पालिकामा सो कार्यको सम्बन्धमा बुझ्दा निर्माण व्यवसायी सम्पर्कमा नभएको भन्ने बुझियो । लेखापरीक्षणको क्रममा मिति 2079/7/21 गते फिल्ड निरिक्षण गर्दा तल्लो तल्लाको पिलर र गाह्रो उठाएको तर ढलान गर्न बाँकिरहेको देखियो केही निर्माण सामाग्री छोडेको पाईयो । सो कार्यका सम्बन्धमा तपशिल बमोजिम गर्नुपर्ने देखियो । | |
| ६२.१ | | | **क. पूर्व निर्धारित क्षतिपूर्ति अशुल गर्नुपर्नेः-** सार्वजनिक खरिद नियमावली २०६४को नियम १२१(क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेकोमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्वानिधारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिककाबाट प्राप्त विवरण अनुसार उक्त कार्यका लागि म्यादथपको निवेदन दिएको भएपनि पेश्की जमानतको म्यादथप नभएको तथा निर्माण व्यवसायी सम्पर्कमा नआएकोले म्याद थप नभएको देखिन्छ । तसर्थ नियमानुसार म्याद समाप्त भएको मिति २०७९।१।२ बाट २०७९।३।३२ सम्म जम्मा ९२ दिनको प्रति दिन रु. १७८९० ले रु. १६४५८८० पुर्वनिर्धारित क्षतिपूर्ति अशुल गर्नुपर्ने देखिएको रु. | १,६४५,८८० |
| ६२.२ | | | **ख. पेश्की रकम अशुल सम्बन्धमाः-** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ५१(१) मा तोकिएको म्यादभित्र पेश्की फछ्यौटको लागि आवश्यक कागजात पेश नगरेमा त्यस्तो पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक दश प्रतिशतको दरले व्याज समेतलाई असुल गर्ने उल्लेख छ । भवन निर्माणका लागि ८०००००० मोविलाईजेशन पेश्की लिएकोमा हालसम्म कुनै पनि रनिङ विल भुक्तानीका लागि पेश नभएकोले पुरै पेश्की बाँकी देखिन्छ । उक्त पेश्कीका लागि राखेको पेश्की जमानतको म्याद समेत मिति २०७८८।१२।२४ गते समाप्त भएकोले पेश्की जमानतको म्याद समाप्त भएको मिति २०७८ चैत्र २४ गते पश्चात बार्षिक दश प्रतिशतले व्याज समेत अशुल गरी उक्त पेश्की फर्स्यौट गर्नुपर्ने देखिएको रु. | ८,०००,००० |
| ६२.३ | | | **ग. निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमाः-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(ख) मा नियमको क बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति तिर्दैमा सम्बन्धित निर्माण व्यवसायी खरिद सम्झौता बमोजिमको कार्य सम्पादन गर्ने | |

| | | | | |
|---|---|---|---|---|
| | | | दायित्वबाट मुक्त हुन नसक्ने उल्लेख छ । तसर्थ नियममा भएको व्यवस्था बमोजिम सम्बन्धित निर्माण व्यवसायीबाट उक्त कार्य सम्पन्न गर्न लागउनु पर्ने देखिएको छ ।<br><br>**चित्रः अधुरो भवनको निर्माण कार्य** | |
| ६३ | | | **नन्फाइलर -**<br><br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ३५३४४५७ समेत रु. ३०७४७२९३ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | ३,५३४,४५७.३७ |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>गौ.भौ.नं.मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>पाना नं.</th><th>भुक्तानी रकम</th><th>मु.अ.कर रकम</th><th>ननफाइलर</th></tr>
<tr><td>23/078/6/22</td><td>खड्का/ ओली/ शुम आशिर्वाद जे.मि. कोहलपुर</td><td>615714417</td><td>13238181.30</td><td>1523011</td><td>2077 एम</td></tr>
<tr><td>24/078/6/22</td><td>खड्का/ ओली/ शुम आशिर्वाद जे.मि. कोहलपुर</td><td>615714417</td><td>13238481</td><td>1523011</td><td>2077 एम</td></tr>
<tr><td>68/078/8/22</td><td>खड्का/ ओली/ शुम आशिर्वाद जे.मि. कोहलपुर</td><td>615714417</td><td>4270630.55</td><td>488435.37</td><td>2077 एम</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>फिल्ड निरीक्षण सम्बन्धमाः-<br><br>यस पालिकामा सञ्चालित योजनाहरुको फिल्ड निरिक्षण गर्दा निम्नअनुसारका व्यहोराहरु देखिएका छनः</td><td></td></tr>
<tr><td>६४.१</td><td></td><td></td><td>मा.वि. नेटा भवनको रेक्टो फिटिङ्गः यस कार्यका लागि ओम कन्ट्रक्सन अछाम सँग मिति २०७८।१०।२६ मा मिति २०७९।३।३२ मा कार्य सम्पन्न गर्ने गरी रु .४३८८५०५।७२ को सम्झौता भएकोमा उक्त कार्य समयमै २०७९।३।२० सम्पन्न भएको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छ। उक्त कार्यको फिल्ड निरीक्षण गर्दा देखिएको व्यहोराहरु तपशिल बमोजिम छन ।</td><td>९०,९५७</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | क. रेक्टो फिटिङ्ग भएको कार्य भएको ठाँउमा Applying two coats of white cement भनेकोमा सामान्य पहेलो रङ्ग single coats मात्र लगाएकोले सम्झौता अनुसार काम भएको पाईएन । तसर्थ उक्त कार्यका लागि भुक्तानी भएको ९३६।२५ वर्ग मिटरको प्रतिवर्ग मिटर रु. १२३।७१ ले हुने रकम रु.११५८२३ को आधा रकम अशुल गर्नुपर्ने देखिएको रु<br><br>ख. काठको काम भएको ठाँउमा Two or more coats of enamel paint of approved coats भनेकोमा प्राइमर मात्र लगाएको पाईएकोले उक्त कार्यका लागि भुक्तानी गर्न नमिल्ने देखिएको हुँदा खर्च भएको रकम (१०३.२० वर्ग मिटर) रु. ३३०४५अशुल गर्नुपर्ने रु.<br><br>ग. झ्यालको माथी टप नराखी बाहिरबाट भित्र तर्फ स्लोप राखेको हुँदा पानी पर्दा कोठाभित्र पानी पस्ने समस्या देखिएकोले सोको उचित व्यवस्थापन हुनुपर्ने देखिएको छ । | |
| ६४.२ | | | **कृषि क्याम्पस भवन निर्माणः-** जीवन ज्योती मा.वि. लेकबेशी ४ अन्तर्गत निर्माणधिन कृषि क्याम्पसको भवन निर्माणका लागि र. ५२९७९०९।५८को लागत अनुमान तयार गरी विद्यालय व्यवस्थापन समितिसँग मिति २०७८।१२।२९ मा मिति २०७९।३।२५ मा सम्पन्न गर्ने गरी सम्झौता भएकोमा उक्त कार्य समयमै सम्पन्न भएको भनी कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाईयो । फिल्ड निरीक्षण गर्दा भवनको स्टक्चर सम्म तयार भएको तर झ्याल ढोका नराखेको तथा सिमेन्ट प्रालाष्टर र रङ्ग रोगनको काम नगरेको पाइएकोले समग्रमा काम सम्पन्न भएको देखिएन । कार्य सम्पन्न भएको भनि वडाले सिफारिस गरेको, व्यवस्थापन समितिले निर्णय गरेको तथा विद्यालयले योजना फरफारकका लागि निवेदन दिएको सम्बन्धित प्राविधिकबाट कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिन्छ । कार्य सम्पन्न प्रतिवेदनमा प्राविधिकको मात्र सही भएको रित पूर्वकको कार्य सम्पन्न प्रतिवेदन पेश भएको छैन । सम्झौता बमोजिमको सम्पूर्ण कार्य सम्पन्न नभइ कार्य सम्पन्न प्रतिवेदन तयार गर्न तथा सो वाफतको रकम भुक्तानी गर्न मिल्ने देखिदैन । तसर्थ सबै काम सम्पन्न | ४,२७२,८३२ |

<table>
<tr><td></td><td></td><td></td><td>भएको फोटो सहित रितपूर्वक कार्य सम्पन्न प्रतिवेदनमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, प्राविधिक तथा पालिकाका प्रशासकीय प्रमुखले सही गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने देखिएको रु.</td><td></td></tr>
<tr><td>६५</td><td></td><td></td><td>सहकारी तथा अन्य संस्थाको भवन निर्माणः<br><br>यस पालिकाले निम्न अनुसारका संस्थाहरुको भवन निर्माण वापत खर्च लेखेको पाइयो तर उक्त निर्माण हुन लागेका भवन सोही संस्थाको नाममा जग्गा रहेको प्रमाण संलग्न नरहेकोले जग्गाको स्वामित्व सो संस्थाको नाममा रहेको प्रमाण समेत पेश हुनुपर्ने रु
<table>
<tr><th>भौ.न. मिति</th><th>कामको विवरण</th><th>संस्थाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>246/078/12/13</td><td>भवन तथा शौचालय निर्माण</td><td>महिला संजाल</td><td>521598</td></tr>
<tr><td>319/2079/1/25</td><td>भवन तथा शौचालय निर्माण</td><td>महिला संजाल</td><td>133091</td></tr>
<tr><td>32/079/03/10</td><td>भवन मर्मत</td><td>सिर्जनशिल अपाङ्ग सहकारी संस्था</td><td>965898</td></tr>
</table></td><td>१,६२०,५८७</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>हेभी इक्विपमेण्टको प्रयोग –<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने</td><td></td></tr>
</table>

गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

| **भौ.न.मिति** | **कामको विवरण र उपभोक्ता समिति** | **लागत अनुमान रकम** | **कार्यसम्पन्न रकम** | **भुक्तानी रकम** | **मेशिन प्रयोग** |
|---|---|---|---|---|---|
| 226/078/12/7 | लेखगाउँ गुरुजुरे सडक निर्माण उ.स. | 1206071/83 | 938372/59 | 739156 | 954324/92 |
| 308/079/1/29 | लेखगाउँ गुरुजुरे सडक निर्माण उ.स. | 478697/74 | 301220/64 | 247108 | 30634139/81 |
| 354/079/3/3 | सिमले अधुरोबाटो निर्माण उ.स. | 363185/62 | 355484/04 | 284948 | 361528/81 |
| 446/079/3/22 | राततार सडक निर्माण वडा नं.3 उ.स. | 604460/82 | 466911/77 | 376910 | 466791/70 |

६७

**सव कन्ट्याक्टरबाट काम गराएको :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी |
|---|---|---|---|---|
| मर्मत सम्भार कोषको १६।२०७९।३।३१ | लखेगाउँ जाने मुख्य सडक | ९६८२१ | न्यू कुशल निर्माण सेवा | ९६८२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| १०।२०७९।३।१७ | बराल डाडा हुदै गुयलाघारी जोड्ने सडक ग्रविल उ स | १४४५२९ | सौरभ कन्स्ट्रकसन | १४४५२९ | |
| ९।२०७९।३।१७ | चन्द्र वहादुर वुढाको घरदेखि कोलेडाडा जोड्ने सडक ग्राविल उ स | १९३३०८ | सौरभ कन्स्ट्रकसन | १९३३०८ | |
| ८।२०७९।३।१७ | मान वहादुर वुढाको घरदेखि पश्चिम लेकबेशी जोड्ने सडक ग्राविल उ स | ९६४८६ | सौरभ कन्स्ट्रकसन | ९६४८६ | |
| २।२०७८।१०।२५ | दुविचौर सिरान रोड ग्राभेल उ स | १२०८८६ | ट्रिनिटी विल्डर्स | १२०८८६ | |
| प्रदेश पूँजीगतको १३।२०७८।१२।७ | कूल्लिमोर ढोप्ला हुदै कागते जाने निर्माण उ स | १८११०६४ | शुभ आशिर्वाद कन्स्ट्रकसन एण्ड सप्लायर्स | १८११०६४ | |
| १३।२०७८।१२।७ | टाडी झेकेनी ठूलो दमार सडक निर्माण उ स | १३३०१७६ | शुभ आशिर्वाद कन्स्ट्रकसन एण्ड सप्लायर्स | १३३०१७६ | |
| २।२०७८।९।२५ | मिलनडाडा रातेखोला ढिक हुदै मदनभण्डारी जोड्ने सडक नाली निर्माण उ स | १८३३८८ | न्यू कूशल निर्माण सेवा | १२९७९४६ | |

उपर्युक्त व्यहोरामा कार्यालयले हेभी मेशिन प्रयोग गर्ने स्वीकृती दिएको छ तर हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतीको कार्यमा मात्र मेशिन प्रयोगको स्वीकृती दिन सक्नेमा सबै उपभोक्तालाइ मेशीन प्रयोग गर्ने स्वीकृती दिनु नियमसम्मत होइन ।

| | | | | |
|---|---|---|---|---|
| ६८ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ६९ | | | **गुणस्तर परीक्षण -**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ७० | | | **डीपीआर खर्च -**<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन ।त्यसैगरी उक्त डीपीआरबाट आयोजनाको लागत अनुमान पनि खुलाउन नसक्दा उक्त डी पी आरको कुनै औचित्य रहदैन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै | |

<table>
<tr><td></td><td></td><td></td><td>यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
<table>
<tr><td>कार्यविवरण</td><td>परामर्शदाता</td><td>स्वीकृत लागत रकम</td><td>खर्च रकम</td><td>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</td></tr>
<tr><td>१५ शैय्या नगर अस्पताल भवन निर्माणका लागि डिपिआर निर्माण कार्य</td><td>एन.टि.डिइन्जिनियरीङ्ग एण्ड कन्सट्रक्सन कम्पनी प्रा लि</td><td>४९५२९३.१३</td><td>४९५२९३.१३</td><td>नखुलेको</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७१</td><td></td><td></td><td>सार्वजनिक परीक्षण -<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>७२</td><td></td><td></td><td>कार्य सम्पन्न प्रतिवेदन -<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन ।</td><td></td></tr>
<tr><td>७३</td><td></td><td></td><td>कन्टिन्जेन्सी खर्चको अभिलेख :<br><br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्चको अभिलेख छुट्टै अभिलेख नराखेको कारण आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको रकम र कूल खर्च रकम यकिन गर्न सकिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ७४ | | | **सम्झौताको पालन नभएको:-**<br><br>*........... प्रारम्भिक प्रतिबेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०७९/१२/२३ को निर्णयले रु २९३७५५२ सम्परीक्षण गरिएको* | ० |
| ७५ | | | **सामाजिक सुरक्षा कार्यक्रमः**<br><br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । पालिकाले लाभग्राहीको बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता रु १०७८२१७५२ वितरण गरेको देखियो । मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्दछ ।सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ को १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७७ को १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण | |

<table>
<tr><td></td><td></td><td></td><td>प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।पालिकाले सामाजिक सुरक्षाको विवरण व्यवस्थित गरेर राखेको छ।</td><td></td></tr>
<tr><td>७६</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण -<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।<br><br>
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B)</th></tr>
<tr><td>२४९९६१</td><td>०</td><td>२४९९६१</td></tr>
</table>
<br>अद्यावधिक बेरुजु - यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ ।<br><br>
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>२४९९६१</td><td>०</td><td>०</td><td>७३९१९</td><td>३२३८८०</td></tr>
</table>
</td><td></td></tr>
</table>